नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मिति: २०८०-०४-२३ गते बिहान ०७ बजे)

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, कन्काई, नारायणी, कर्णाली, पूर्वी राप्ती, पश्चिम राप्ती र यसका सहायक नदीहरुको बहाव सतर्कता तह भन्दा तलै र सामान्य अवस्थामा रहेको छ। हाल बबई र कमलाको जलसतह सतर्कता आसपास र बागमती पधेरादोभानको सतह खतरा तह आसपास रहेको छ ।

## ३ दिनको जलसतह /बाढीको पूर्वानुमान (हरेक दिन विहान ७ बजे देखि २४ घण्टा)

| | जलधार | नदीको नाम | आज (२०८०-०४-२३) | भोलि (२०८०-०४-२४) | पर्सी (२०८०-०४-२५) |
|---|---|---|---|---|---|
| १ | कोशी | सप्तकोशी, चतरा | सामान्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य घटबढ |
| | | तमोर, त्रिवेणी | उल्लेख्य बढ्ने | सामान्य बढ्ने | सामान्य घटबढ |
| | | अरूण, सिम्ले | सामान्य बढ्ने | सामान्य घटबढ | सामान्य घटबढ |
| | | दुधकोशी, रबुवाबजार | उल्लेख्य बढ्ने | सामान्य घटबढ | सामान्य घटबढ |
| | | तामाकोशी, बुस्ती | उल्लेख्य बढ्ने | सामान्य घटबढ | सामान्य घटबढ |
| | | सुनकोशी, हम्पचुवार | सामान्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| २ | नारायणी | नारायणी, देवघाट | उल्लेख्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| | | त्रिशुली, बेत्रावती | उल्लेख्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| | | बुढीगण्डकी, आरूघाट | सामान्य बढ्ने | सामान्य बढ्ने | सामान्य घटबढ |
| | | मर्स्याङदी, विमलनगर | उल्लेख्य बढ्ने | सामान्य बढ्ने | सामान्य घटबढ |
| | | सेती, दमौली | उल्लेख्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| | | कालिगण्डकी, कुमालगाउँ | उल्लेख्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| ३ | कर्णाली | कर्णाली, चिसापानी | सामान्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| | | कर्णाली, असाराघाट | सामान्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| | | भेरी, समजिघाट | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| | | पश्चिम सेती, दिपायल | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| ४ | महाकाली | महाकाली, पारिगाउँ | सामान्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| ५ | कन्काई | कन्काई, मैनाचुली | उल्लेख्य बढ्ने | सामान्य बढ्ने | सामान्य बढ्ने |
| ६ | कमला | कमला नदी, वेलसोत | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| ७ | बाग्मती | बाग्मती, पधेरादोभान | उल्लेख्य बढ्ने | उल्लेख्य घट्ने | सामान्य बढ्ने |
| ८ | पूर्वी राप्ती | पूर्वी राप्ती, रजैया | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| ९ | पश्चिम राप्ती | पश्चिम राप्ती, कुसुम | सामान्य घटबढ | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |
| १० | बबई | बबई, चेपाङ | उल्लेख्य बढ्ने | उल्लेख्य बढ्ने | सामान्य बढ्ने |

## स-साना नदीमा बाढी पूर्वानुमान

आज (२०८०-०४-२३ गते)

सर्लाही, रौतहट, सिन्धुली, झापा, ईलाम, मोरङ, सुनसरी, ससरी, सिराहा, धनुषा, महोत्तरी, बारा, पर्सा, चितवन, मकवानपुर, धादिङ, काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट नवलपरासी (ब.सु.पू), नवलपरासी (ब.सु.प),तनहुँ, स्याङजा, रुपन्देही, पाल्पा, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र आसपास भई बहने केही स-साना नदीहरूमा आकस्मिक बहावको जोखिम रहने पूर्वानुमान छ। साथै पाँचथर, तेह्रथुम, संखुवासभा, रामेछाप, ओखलढुङगा, उदयपुर, काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक, गोरखा, लमजुङ, धादिङ, कास्की, प्युठान, अर्घाखाँची, गुल्मी, सल्यान, रोल्पा, सुर्खेत, दैलेख, डोटी, बझाङ, जाजरकोट, अछाम, डडेल्धुरा, बैतडी, दार्चुला र आसपास भई बहने केहि स-साना नदीहरुमा बहाव बढ्न सक्ने पूर्वानुमान छ।


भोलि (२०८०-०४-२४ गते)

लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई र चुरे भई बहने स-साना नदीहरुमा बढ्ने तथा केही स-साना नदीहरूमा आकस्मिक बहावको जोखिम रहने पूर्वानुमान छ।

पर्सी (२०८०-०४-२५ गते)

बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका स-साना नदीहरुमा बहाव सामान्य बढ्ने पूर्वानुमान छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा




## सरोकारवालाका लागि परामर्श (Advisory):

आज र भोली कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा जलसतह सतर्कता तह भन्दा तलै रहने भएपनि बढ्दो हुने, आज कन्काई,कमला, पश्चिम राप्ती, बबई, पूर्वी राप्ती र यसका प्रमुख सहायक नदीहरूमा बहाव उल्लेख्य बढ्ने र केहीमा सतर्कता पुग्न सक्ने पूर्वानुमान रहेकाले साना नदी तटिय क्षेत्रमा उच्च सतर्कता अपनाइराखौं।

आज बागमती र यसका प्रमुख सहायक नदीहरूमा जलसतह खतरा तह भन्दा माथी हुने रहेकाले तटिय क्षेत्रमा रहनुहुनेहरू अतिउच्च सतर्कता साथ सुरक्षित स्थानमा रहौ ।

आज सर्लाही, रौतहट, सिन्धुली, झापा, ईलाम, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, बारा, पर्सा, चितवन, मकवानपुर, धादिङ, काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट नवलपरासी (ब.सु.पू), नवलपरासी (ब.सु.प),तनहुँ, स्याङजा, रुपन्देही, पाल्पा, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र आसपास आसपास भई बहने केही स-साना नदीहरूमा आकस्मिक बहावको जोखिम रहने पूर्वानुमान रहेकोले सो क्षेत्र भइ बहने साना नदी तटीय क्षेत्रहरूमा उच्च सतर्कता अपनाइराखौं।

साथै आज पाँचथर, रामेछाप, ओखलढुङगा, उदयपुर, काभ्रेपलाञ्चोक, दोलखा, सिन्धुपाल्चोक गोरखा, लमजुङ, धादिङ, कास्की, प्युठान, अर्घाखाँची, गुल्मी, सल्यान, रोल्पा, सुर्खेत, दैलेख, डोटी, बझाङ , जाजरकोट, अछाम, डडेल्धुरा, बैतडी, दार्चुला र आसपास भई बहने केहि स-साना नदीहरुमा बहाव बढ्न सक्ने पूर्वानुमान रहेकोले तटिय क्षेत्रमा सामान्य सतर्कता अपनाइराखौं।

*(बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ) विभागको फेसबुक पेज Nepal Flood Alert (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेज:Nepal Flood Alert (नेपाल बाढी सूचना) हेरौं। )*

**नोट:**

हरियो रङले जलसतह सतर्कता तह भन्दा तलै रहने र बाढीको न्यून जोखिम हुने संकेत गर्दछ।
पहेलो रङले जलसतह सतर्कता तह आसपास पुग्ने र बाढीको मध्यम जोखिम  रहेको संकेत गर्छ।
सुन्तला रङले जलसतहले सतर्कता तह पार गर्ने र बाढीको उच्च जोखिम रहेको संकेत गर्दछ।
रातो रङले जलसतहले खतरा तह पार गर्ने र बाढीको अति उच्च जोखिम हुने संकेत गर्दछ।

बुलेटिन तयार गर्ने :- इ. मौसम भण्डारी

# Forecast References:

1) Real Time Ground Observation System for Rainfall (around 230 stations) and Water levels (Around 110 Stations) under Flood Forecasting Section, DHM
   http://hydrology.gov.np/#/river_watch
   http://hydrology.gov.np/#/rainfall_watch
2) MFD Rainfall Forecast (6 am)
3) RIMES Rainfall Forecast
4) NCMWRF Rainfall Product
   24 Hour Rainfall Forecast Today (9am to 9 am)
   24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)
5) Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)
6) Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)
7) Probabilistic Forecast for short lead time in major river system (Based on real time observation)
8) GLOFAS forecast
9) Tethys Forecasting Platform (Stream Flow Prediction Tool and HIWAT tool for Nepal (7 days forecast for small rivers)
10) Regional Flood outlook –Ganges-Brahmaputra Basin
11) South Asia Flash Flood Guidance System (Nepal)
12) Other Global Flood Forecasts
13) Satellite Cloud Picture
14) Etc…

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिनपछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट (www.hydrology.gov.np) लगअन गरी हेर्न सक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइटमा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होला की नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्व सूचना यस विभागको आधिकारिक ट्विटर: Nepal Flood Alert! नेपाल बाढी सूचना! र फेसबुक: नेपाल बाढी सूचना-Nepal Flood Alert मा पनि हेर्न सक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदीजलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एसएमएस पठाइनेछ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नम्वरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जो कोहीले ११५५ डायल गरेर बाढी सम्बन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।